अनुसूचि-२

(दफा ४ तथा अनसूचि-१ को भाग-२ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

## माथागढी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः ४ मितिः २०८१/०८/११

भाग २

## माथागढी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफ १०२ को उप दफा १ बमोजिम माथागढी गाउँपालिकाको गाउँ सभा/ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**२०८१ सालको कार्यविधि-४**
**कृषि अनुदान वितरण कार्यविधि-२०८१**

आज्ञाले,
राम प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

# कृषि अनुदान वितरण कार्यविधि,२०८१

माथागढी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

झडेवा, पाल्पा

लुम्बिनि प्रदेश, नेपाल

माथागढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
फर्सेवा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

# कृषि अनुदान वितरण कार्यविधि,२०८१

## प्रस्तावना

माथागढी गाउँपालिका क्षेत्र भित्रका किसानहरुलाई व्यवसायिक एवं उत्पादनमुखी बनाई कृषकहरुको आयस्तर वृद्धि गरी स्वावलम्बी बनाउन माथागढी स्थानीय सरकारले कृषि अनुदान वितरणमा एकरुपता तथा मितव्ययिता कायम गर्न वाञ्छनिय देखिएकोले माथागढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकारको प्रयोग गरी माथागढी गाउँकार्यपालिकाको मिति २०८१/०५/२८ को बैठकले यो कार्यविधि स्वीकृत गरेको छ।

## परिच्छेद-१

### संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नामः- यस कार्यविधिको नाम "कृषि अनुदान वितरण कार्यविधि,२०८१" रहने छ ।

२. प्रारम्भः- यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

## परिच्छेद-२

### परिभाषा

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "गाउँपालिका" भन्नाले माथागढी गाउँपालिकालाई सम्झनु पर्दछ ।

ख) "अध्यक्ष" भन्नाले माथागढी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ग) "उपाध्यक्ष" भन्नाले माथागढी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले माथागढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

ङ) "आर्थिक विकास समिति संयोजक" भन्नाले माथागढी गाउँपालिकाको विषय क्षेत्रगत समिति अन्तर्गतको आर्थिक विकास समितिको संयोजक सम्झनु पर्दछ।

च) "वडा" भन्नाले माथागढी गाउँपालिकाको सबै वडाहरुलाई सम्झनु पर्दछ ।

छ) "कृषि अनुदान" भन्नाले कृषि क्षेत्रका लागि यस गाउँपालिकाले उपलब्ध गराउने अनुदानलाई सम्झनु पर्दछ।

## परिच्छेद-३

### अनुदान वितरणका क्षेत्रहरु

३) साना सिचाई-

व्यक्तिगत फार्म, व्यवसायिक किसान, वा समूह तथा सहकारीमा आवद्ध भएर खेति गर्ने कृषकहरुलाई गाउँपालिका तथा वडा कार्यालयबाट साना सिचाई, कुलो निर्माण/मर्मत, बाँध निर्माण/मर्मत, पाइप

अध्यक्ष

वितरण जस्ता योजना/कार्यक्रममा न्यूनतम १० प्रतिशत लागत सहभागिता हुने गरी खेति योग्य जमीनमा सिंचाईको व्यवस्था गरिनेछ ।

४) **साना औजार/मेसिनरी/उपकरण-**

व्यक्तिगत फार्म, व्यवसायिक किसान वा समूह तथा सहकारीमा आवद्ध भएर खेति गर्ने कृषकहरुलाई गाउँपालिका तथा वडाहरु मार्फत कृषि तर्फ विनियोजन भएको रकमबाट पावर टिलर, मिनि टिलर, हाते ट्याक्टर, कुटानि पिसानि मिल, चाप कटर, ब्रस कटर, थोपा सिचाई प्रणाली, पानि तान्ने मोटर पम्प, स्प्रेयर(विद्युतिय), प्लाष्टिक टनेल, प्लाष्टिक मल्चिङ्ग लगायतका कृषि प्रयोजनमा ल्याइने औजार उपकरणहरुमा बढिमा ५० प्रतिशत अनुदान दिइनेछ ।

५) **बीउ बिजन-**

गाउँपालिका तथा वडाहरु मार्फत कृषि तर्फ विनियोजन भएको रकमबाट किसानहरुलाई बीउ बिजन (बीउ, बेर्ना, बिरुवा लगायत अन्य), उत्पादन सँग सम्बन्धित कृषि सामाग्रि (कुटो, कोदालो, हसिया, दाते, सिकेचर, हजारी, स्प्रेयर(२० लीटर क्षमता सम्म) लगायत अन्य सामाग्रिहरुमा बढिमा ७५ प्रतिशत अनुदान दिइनेछ ।

६) **कृषि अनुदान-**

माथागढी गाउँपालिका भित्र व्यवसायिक रुपमा गरिने नगदे/औद्योगिक बालि, तरकारी तथा फलफूल बाली, मसला बाली लगायतका विभिन्न बाली खेति गरिरहेका कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीहरुलाई कृषि क्षेत्र विस्तार, तोकिएको बाली/उपज उत्पादन, उत्पादन सम्बद्ध पुर्वाधार, भण्डारण तथा प्रशोधन सम्बद्ध पूर्वाधार निर्माण, उत्पादन, प्रशोधन, भण्डारण, प्रवर्द्धन तथा बजारीकरण लगायतका कृषि कार्य गर्न कृषि अनुदान स्वरुप नगद तथा जिन्सि सामान निवेदकको मागका आधारमा आवश्यकता पहिचान गरी कार्यपालिकाको निर्णय बमोजिम अनुदान उपलब्ध गराउन सकिने छ । गाउँपालिकाबाट उपलब्ध हुने अनुदान रकम कुल लागतको बढीमा पचहत्तर प्रतिशत हुनेछ।

७) यस कार्यविधिको दफा ६ बमोजिम अनुदान प्राप्त गर्न अनुसूची १ बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्दछ।

८) यस कार्यविधिको दफा ३,४,५ र ६ मा उल्लेख गरिएको अनुदान रकम प्रतिशत घटबढ गर्नुपर्ने भएमा कार्यपालिकाको निर्णय सर्वमान्य हुनेछ ।

९) संघीय सरकार वा प्रदेश सरकारबाट सशर्त अनुदान प्राप्त गरी गाउँपालिकाबाट संचालन हुने कार्यक्रमहरु सम्बन्धित सरकारबाट स्वीकृत कार्यविधि अनुसार सञ्चालन हुनेछन्।

१०) **तालिमः-** कृषकहरुलाई व्यवसायिक बनाउन र नयाँ प्रविधिहरु सिकाउने खालका तालिम कार्यक्रमहरु गाउँपालिका तथा वडाहरुबाट प्रचलित सार्वजनिक खर्चको मापदण्डमा रहि प्रदान गरिने छ।

अध्यक्ष

११) गाउँपालिका तथा वडाहरुबाट प्रवाह गरिने जुनसुकै अनुदान पाउनका लागि यस कार्यविधिको अनुसूची-२(अनुदान माग आवेदन) अनिवार्य भरेर पेश गर्नु पर्नेछ ।

## परिच्छेद-४

## व्यवस्थापन समिति

क) अनुदान व्यवस्थापन गर्न गाउँपालिकामा निम्न बमोजिमको व्यवस्थापन समिति रहनेछ ।

१) गाउँपालिका अध्यक्ष- अध्यक्ष

२) गाउँपालिका उपाध्यक्ष- सदस्य

३) आर्थिक विकास समिति संयोजक- सदस्य

४) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

५) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

६) कृषि विकास शाखा प्रमुख- सदस्य सचिव

समितिको बैठक आवश्यकता अनुसार बस्न सक्ने छ । व्यवस्थापन समितिको बैठकमा बढिमा दुई जना सम्म विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिने छ ।

## परिच्छेद-५

## अनुगमन तथा मूल्याङ्कन

क) यस कार्यविधि अनुरुप काम भए नभएको सम्बन्धमा कार्यपालिकाले अनुगमन गर्न तथा सुझाव दिन सक्ने छ ।

ख) यस कार्यविधि बमोजिम वितरण भएको अनुदान रकमको जानकारी नगर सभा समक्ष पेश गर्नुपर्नेछ।

## परिच्छेद-६

## संशोधन तथा परिमार्जन

गाउँकार्यपालिकाले यो कार्यविधि आवश्यक परेको बेला जुनसुकै समयमा पनि संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

## परिच्छेद-७

## खारेजि तथा बचाउ

यो कार्यविधिमा उल्लेख भए बाहेकका प्रावधानहरु प्रचलित नेपाल कानुन, प्रदेश कानुन र माथागढी गाउँकार्यपालिका कानुन बमोजिम हुनेछ ।

अध्यक्ष

## अनुसूची-१

(दफा ७ सँग सम्बन्धित)

१- कृषि फार्म/कृषक समूह/कृषि सहकारीहरुले प्यानमा दर्ता भई, गर्न खोजेको कामको स्पष्ट विवरण, अपेक्षित प्रतिफल तथा लागत सहभागिता खुलेको प्रस्ताव पेश गर्नु पर्नेछ ।

२- अनुदान प्राप्त गर्न यस गाउँपालिकाको कृषि विकास शाखामा दर्ता तथा सूचीकृत भएको हुनुपर्नेछ ।

३- बिगत तिन बर्ष देखि निरन्तर रुपमा व्यवसायिक कृषि कार्य गरिरहेको हुनु पर्नेछ । कम्तिमा पाँच रोपनि क्षेत्रफलमा व्यवसायिक रुपमा कृषि कार्य गरेको हुनुपर्नेछ ।

४- कृषि कार्य मार्फत रोजगारी श्रृजना तथा बजारको माग अनुसार उत्पादन गरी बजारिकरणको सम्भावना भएको हुनुपर्नेछ ।

५- अनुदान प्राप्त गर्न कम्तिमा दश वर्ष व्यवसायिक रुपमा कृषि कार्य निरन्तर गर्ने कार्ययोजना सहित प्रतिबद्धता पेश गर्नुपर्ने छ ।

६- सम्बन्धित शाखाको प्राविधिक क्षेत्रको कर्मचारीले फिल्ड/स्थलगत अनुगमन प्रतिवेदन पेश गर्नु पर्नेछ।

७- अनुदानग्राहिको आवश्यक कागजात र वडा कार्यालयको सिफारिस सहित गाउँकार्यपालिकामा पेश गरीने छ, उक्त विषयमा गाउँकार्यपालिकाले अध्ययन/छलफल/निर्णय गरी अनुदानग्राहि छनौट गरीने छ।

अध्यक्ष

माथागढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
झडेवा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

अ.ध्य.

**अनुसूची-२**

(दफा ११ सँग सम्बन्धित)

**अनुदान माग अवेदन**

श्री .......................... मिति............................

..................................

................

विषयः माग सम्बन्धमा ।

प्रस्तुत विषयमा माथागढी गाउँपालिकाको आ.व..................मा सञ्चालन हुने कृषि तर्फको कार्यक्रमको लागि तपसिल बमोजिमको कृषि कार्यक्रम/कृषि प्रयोजन सामाग्रिमा अनुदान आवश्यक परेकोले प्रकृया अगाडी बढाईदिनहुन निवेदन साथ अनुरोध गर्दछु/गर्दछौ ।

कार्यक्रमः

तपशिल

| क.स. | कृषि प्रयोजन सामानको नाम | स्पेसिफिकेशन | ईकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**निवेदक**

हस्ताक्षरः

नामः

ठेगानाः

मो.नं.

समावेस गर्नुपर्ने कागजातहरु

- नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
- सम्बन्धित कार्यक्रमका लागि आवश्यक कागजातहरु ।

अ.ध्य.

अध्यक्ष